# संसदीय अभ्यासमा पुस्तकालयको महत्व



कमलादेवी शर्मा [*]

**सारांश**

संसदीय अभ्यासमा पुस्तकालयको ठूलो महत्व रहेको हुन्छ । पुस्तकालयहरू परम्परागत रूपमा मात्र नरहेर प्रविधिमैत्री भएका हुनाले ई-लाइब्रेरी, डिजिटल लाइब्रेरी, भर्चुअल लाइब्रेरीको रूपमा रहेका तथा पुस्तकादि, audio visual, cd/dvd जस्ता सामग्रीहरू कम्प्यूटर, इन्टरनेटका माध्यमबाट हेर्न सकिन्छ । संघीय संसद सचिवालयमा पुस्तक लगायतका सामग्रीहरू रहेको एक पुस्तकालय छ । यसको प्रमुख उद्देश्य संसदका सदस्यहरू, सचिवालयका कर्मचारीहरू र अनुसन्धानकर्ताहरूलाई पुस्तकालय सेवा उपलब्ध गराई कानून तथा नीति निर्माणमा सहयोग पुर्‍याउनु हो । संसदीय अभ्यासका क्रममा पुस्तकालयले विभिन्न तरिकाबाट सहयोग पुर्‍याउन सक्छ । संसदबाट हुने विभिन्न कामकारवाहीका सन्दर्भमा आवश्यक पर्ने पुस्तकादि सामग्रीहरू संकलन गरी राखिने हुनाले सदस्यहरूलाई अध्ययन गर्न सहयोग पुग्दछ । यस्ता सामग्रीहरूलाई पुस्तकालयमा ई-क्याटलग बनाई राखिएको हुनाले आ-आफ्नो जुनसुकै स्थानबाट पुस्तकालयको संकलनलाई हेरी समयको बचत गर्न सकिन्छ । पुस्तकालयमा रहेको रेफरेन्स शाखामा रहेका पुस्तकहरूले पाठकहरूलाई जुनसुकै समयमा पनि पढ्न सेवा पुर्‍याइरहेका हुन्छन् । पुस्तकालयबाट उपलब्ध हुने सूचना/स्रोतहरूले प्रभावकारी नतिजा हासिल गर्ने कार्यमा सहयोग गरिरहेका हुन्छन् । सदस्यहरूलाई आवश्यक पर्ने सूचना तथा ज्ञान इमेल तथा वेबसाइटबाट पनि उपलब्ध गराउन सकिन्छ साथै पुस्तकालयमा रहेको इन्टरनेट कक्षले पनि सहयोगीको भूमिका निर्वाह गर्न सक्दछ ।

[*] पुस्तकालय अधिकृत, संघीय संसद सचिवालय

यस लेखमा पुस्तकालयको परिचय, संसदमा पुस्तकालयले निभाउने भूमिका, नेपालको संसद पुस्तकालय प्रभावकारी हुन नसक्नुका कारण र समाधानका उपायहरूलाई समेटिएको छ ।

## पृष्ठभूमि

संसद शब्द अङग्रेजी भाषाको Parliament को नेपाली रूपान्तरण हो । फ्रेन्च भाषामा Parler को अर्थ बोल्नु, छलफल गर्नु वा बहस गर्नु भन्ने हुन्छ । यो जनताबाट निर्वाचित जनप्रतिनिधिहरूको सर्वोच्च विधायिकी निकाय हो । त्यसैले जनभावनाको कदर तथा सम्बोधन हुने गरी संसदले विभिन्न कार्यहरू गर्दछ, जस्तैः संविधान, ऐन, कानून निर्माण, संशोधन तथा खारेज, सरकार निर्माण तथा उत्तरदायी बनाउने, बजेट तथा नीति कार्यक्रमहरू पारित गर्ने, सन्धि/सम्झौताहरूको अनुमोदन, निरीक्षण, अनुगमन, देशमा सुख, शान्ति, समृद्धि स्थापनाका लागि विभिन्न विषयमा संसदीय छलफल आदि । संसदमा सम्पूर्ण विषयमा छलफल गर्न असम्भव हुने हुनाले त्यस्तो गहन छलफलका लागि विभिन्न विषयगत समितिहरूको व्यवस्था गरिएको हुन्छ । यस्ता समितिहरूलाई मिनी पार्लियामेण्ट पनि भनिन्छ । यसरी संसद तथा संसदीय समितिहरूले गर्ने गहन छलफलमा आवश्यक पर्ने विभिन्न ज्ञान तथा सूचनाहरू पुस्तकालयमा प्राप्त हुने तथा यस्ता सामग्रीको प्रयोगपश्चात् संसदीय छलफलमा सशक्त रूपमा भाग लिन सकिन्छ, जसले गर्दा संसदीय अभ्यासलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउँछ ।

पुस्तकालयका सन्दर्भमा चर्चा गर्दा संस्कृत भाषाका दुई शब्द पुस्तक र आलय मिलेर नेपालीमा पुस्तकालय बनेको देखिन्छ, जसको अर्थ पुस्तकहरू राखिएको घर भन्ने हुन्छ । पुस्तकालयलाई अङ्ग्रेजीमा Library भनिन्छ । यो शब्द ल्याटिन भाषाको Liber शब्दबाट आएको हो, जसको अर्थ पुस्तक हुन्छ । तर खास अर्थमा पुस्तकालय भन्नाले पाठकहरूका लागि आवश्यक पर्ने पठन सामग्रीहरूको संकलन गर्ने, त्यस्ता सामग्रीहरूलाई वैज्ञानिक ढंगबाट व्यवस्थित गर्ने, पाठकले खोजेको बेलामा तुरून्त प्राप्त हुन सक्ने गरी व्यवस्थापन तथा भविष्यका लागि संरक्षण गरिएको अवस्थालाई पुस्तकालय भनिन्छ । हाल आएर सूचना प्रविधिको विकाससँगै परम्परागत पुस्तकालयहरू पनि डिजिटल लाइब्रेरी, ई-लाइब्रेरी तथा भर्चुअल लाइब्रेरीमा रूपान्तरित हुँदै गइरहेका छन् । यस्ता पुस्तकालयहरूमा पुस्तकादि सामग्रीहरू मात्र नभई Audio/visual, CD/DVD जस्ता विद्युतीय सामग्री कम्प्युटर, इन्टरनेटका माध्यमबाट हेर्न सकिन्छ । आजको समय ज्ञान र सूचनाको समय हो, यस विना कोही पनि आफ्नो क्षेत्रमा अगाडि बढ्न सक्दैन । पुस्तकालयले जनचेतनाको स्तर बढाउनुका साथै उच्चस्तरको ज्ञान हासिल गर्न समेत सहयोग गर्दछ । यसका साथै पुस्तकालयलाई जिउँदो इतिहासका रूपमा पनि परिभाषित गर्न सकिन्छ । तसर्थ पुस्तकालयको महत्व संसद जस्तो संवेदनशील स्थानमा अझ बढी रहेको पाइन्छ ।

संघीय संसद सचिवालयमा पनि संसदीय अध्ययन तथा अनुसन्धान महाशाखा अन्तर्गत पुस्तकालयको व्यवस्थापन गरिएको छ । यो पुस्तकालय वि. सं. २००८ सालमा रेकर्ड सेक्सनका रूपमा शुरूवात भई विभिन्न समयमा विभिन्न नामले चिनिँदै हाल संघीय संसद पुस्तकालयको रूपमा

करिब २०,००० पुस्तकादि सामग्रीहरूको संकलन सहित संसदका सदस्यहरू र सचिवालयका कर्मचारीहरू लगायत अन्य अनुसन्धानकर्ताहरूलाई समेत सेवा पुर्‍याउँदै आइरहेको छ । संसदका सदस्यहरूलाई आवश्यक पर्ने विभिन्न सूचनाहरूको खोजी गरी त्यस्ता सूचनाहरूको उचित व्यवस्थापनका साथै सही सूचना सही समयमा सही व्यक्तिलाई उपयुक्त माध्यमबाट उपलब्ध गराउनु यस पुस्तकालयको उद्देश्य रहेको छ ।

**संसदीय कामकारवाहीमा पुस्तकालयको भूमिका**

संसदीय कामकारवाहीमा पुस्तकालयले खेल्ने विभिन्न भूमिकाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. **सूचना सामग्रीको संकलनः** संविधान निर्माण, संशोधन, खारेजी, ऐन, कानून निर्माण, बजेट तथा नीति कार्यक्रमहरू पारित गर्ने, सन्धि/सम्झौताहरूको अनुमोदन, निरीक्षण, अनुगमन लगायतका संसदबाट हुने विभिन्न कामकारवाहीका सन्दर्भमा संसदमा निरन्तर रूपमा चलिरहने विभिन्न विषयका छलफलहरूमा आफ्ना भनाइहरूलाई ओजपूर्ण बनाई प्रत्यक्ष रूपमा छलफलमा सहभागी हुन सदस्यहरूलाई आवश्यक पर्ने ज्ञान तथा सूचना पुस्तकालयबाट प्राप्त गर्न सकिन्छ । सम्बन्धित विषयमा गहन अध्ययन, ज्ञान तथा सूचना विना कुनै पनि छलफल गहिरो रूपमा अगाडि बढ्न सक्दैन र ज्ञान विनाको छलफलले उपयुक्त नतिजा आउन सक्दैन । कतिपय अवस्थामा आफ्ना कुराहरू राख्न समस्या पर्दछ । यस्तो समस्या आउन नदिन तथा आफ्नो भनाइलाई सारगर्भित तथा अर्थपूर्ण बनाउनका लागि पुस्तकालयमा संकलित सूचना सामग्रीहरूका माध्यमबाट ज्ञानको दायरा फराकिलो बनाउन सकिन्छ, जसले गर्दा उपयुक्त कानून निर्माण लगायतका अन्य कामकारवाहीमा सहयोग पुग्दछ । पुस्तकालयमा संसदमा हुने छलफलका विषयसंग सम्बन्धित सामग्रीहरू जस्तैः पुस्तक, ऐन, नियम कानूनहरू, भर्बेटिम, विभिन्न निकायका सम्बन्धित प्रतिवेदनहरू, सरकारी प्रकाशनहरू, विभिन्न Statistical सूचनाहरू, सम्बन्धित विषयका जर्नल, म्यागेजिन तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय पत्रपत्रिका, लेख-रचनाका साथै e-resources (e-books, e-databases, online databases, microform materials, audio-visual materials etc.) हरू संकलन गरी व्यवस्थापन गरिएका हुन्छन् । यस्ता सामग्रीहरूबाट सदस्यहरूको आवश्यकतालाई मध्यनजर राखी सही समयमा उपयुक्त सूचना सम्प्रेषण गर्नमा पुस्तकालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ पुस्तकालयले सदस्यहरूको सूचना तथा ज्ञानको मागलाई मध्यनजर राखी आबश्यक सामग्रीहरूको संकलन तथा प्रविधिमैत्री व्यवस्थापनबाट संसदीय छलफलका विषयमा सहयोग गर्ने गर्दछ ।

२. **पुस्तकालय क्याटलग :** पुस्तकालयले पुस्तकालय अटोमेसनका क्रममा तयार पारेको लाइब्रेरी डाटाबेस मार्फत पाठकहरूलाई चौबीसै घण्टा जुनसुकै स्थानबाट पनि पुस्तकालयका सामग्रीहरू हेर्न सकिने व्यवस्था गर्ने हुनाले तथा त्यस्ता क्याटलगमा पुस्तकको विषय छुट्याइनुका साथै पुस्तकभित्र

पाउन सक्ने मुख्य कुराहरू पनि Key Words को रूपमा राखिने हुनाले कुन सामग्रीभित्र कस्तो विषय तथा उपविषयहरू हेर्न र पढ्न पाइन्छ भन्ने कुरा पत्ता लाग्दछ । तसर्थ पुस्तकादि सामग्रीको छनोटमा समय खेर फाल्नु पर्दैन, जसले गर्दा अनावश्यक सामग्रीहरू हेरेर समयको बर्बाद हुनबाट बचाउँछ ।

३. **रेफरेन्स सेवाः** पुस्तकालयले उपलब्ध गराउने एउटा मुख्य सेवा भनेको रेफरेन्स सेवा हो । यहाँ राखिने कुनै पनि पुस्तक शुरूदेखि अन्त्यसम्म पढ्ने नभई सन्दर्भवश पढ्ने गरिन्छ । यस्ता सामग्रीहरूको प्रयोग भनेको पाठक वा अनुसन्धानकर्ताले कुनै पनि अध्ययन अनुसन्धानका कार्य गर्दा बीचबीचमा हेर्नुपर्ने तथ्य, अर्थ, तिथि, मिति, भूगोल, नक्शा, जानकारी आदि चाहिएमा यस्ता पुस्तक तथा सामग्रीहरूले सहयोग पुर्‍याउँछन् । तसर्थ पुस्तकालयमा एउटा महत्वपूर्ण सेक्सनका रूपमा रेफरेन्स सेक्सनलाई राखिएको हुन्छ । यहाँ पुस्तकालयमा रहेका महत्वपूर्ण सामग्रीहरूलाई पाठकलाई इस्यू नगर्ने गरी तथा पाठकले खोजेको बेलामा तुरून्त उपलब्ध हुने खालका पुस्तकहरू संकलन गरिएको हुन्छ । यस्ता सामग्रीहरूमा ऐतिहासिक महत्वपूर्ण सामग्रीहरू, एक प्रति मात्र भएका पुस्तकहरू, बहुमूल्य पुस्तकहरू, डिक्सनरी, इन्साइक्लेपेडिया, इयर बुक, अल्मानाक, गिनिज बुक अफ द वर्ल्ड रेकर्ड, नक्शा, चित्र आदि हुन् । जसले गर्दा खोजेको पुस्तक, सामग्री पाठकले तुरून्त पाएर अध्ययन गर्न सक्छन् । कतिपय अवस्थामा टेलिफोन, इमेल मार्फत पनि यो सेवा उपलब्ध गराउन सकिन्छ । तसर्थ रेफरेन्स सेवाको माध्यमबाट आवश्यक सामग्री तुरून्त उपलब्ध गराएर पुस्तकालयले अध्ययन कार्यमा सहयोग पुर्‍याउन सक्छ ।

४. **डकुमेण्टेसन सेवाः** सदस्यहरूको व्यस्त समयलाई ध्यान दिंदै पुस्तकालयले विभिन्न डकुमेण्टेसन सेवा मार्फत सूचना तथा ज्ञानको प्रवाह सदस्यहरू समक्ष सजिलै पुऱ्याई सदस्यहरूको ज्ञानको दायरा फराकिलो पार्न सक्दछ । यस अन्तर्गत पुस्तकालयले गर्ने कार्यहरू निम्नाङ्कित छन्ः

१. अनुवाद गरेर - विभिन्न भाषामा रहेको सूचनालाई सजिलो भाषामा अनुवाद गरेर उपलब्ध गराएमा अन्य भाषामा दक्खल नभएका सदस्यहरूले पनि अन्तरक्रियाहरूमा सजिलै भाग लिन सक्छन् ।

२. विब्लियोग्राफी तयार गरेर - विभिन्न विषयका Bibliography हरू तयार गरेर उपलब्ध गराइएमा के-कति, क-कसको, केका बारेमा पुस्तक तथा सामग्रीहरू छ भनेर सजिलै पत्ता लाग्ने हुनाले सदस्यहरूको अध्ययनमा सहयोग पुर्‍याउन सकिन्छ ।

३. सारांश सेवा उपलब्ध गराएर - पुस्तकालयले पुस्तक, जर्नल तथा पत्रपत्रिकामा प्रकाशित लेख रचनाका लेख सारसंग्रह उपलब्ध गराएर सदस्यहरूलाई लेखहरू खोज्ने तथा अनावश्यक लेख पूरै पढि समयको बर्बादी हुनबाट बचाउन सक्दछ ।

४. प्रेस क्लिपिङ सेवा उपलब्ध गराएर - पुस्तकालयले जर्नल म्यागेजिन तथा पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूलाई उपयुक्त विषय अनुसार वर्गीकरण गर्दै त्यस्ता लेख रचनाहरूको

कटिङ गरेर तथा फोटोकपी फाइलिङ गरेर राखाले सदस्यहरूलाई आवश्यक लेख रचना तुरून्त उपलब्ध गराई सहयोग पुऱ्याउन सकिन्छ ।

५. न्यू अराइभल्स उपलब्ध गराएर - पुस्तकालयले पुस्तकालयमा प्राप्त नयाँ पुस्तकहरूको लीष्ट बनाएर सूचना पाटीमा पाठकहरूको सूचनाको लागि टाँस्ने गर्दछ । यसका साथै पुस्तकालयको डिस्प्ले र्‍याकमा सबैले देख्ने गरेर नयाँ पुस्तकहरू प्रदर्शनी गरी पाठकहरूलाई शीघ्र जानकारी दिन सकिन्छ, जसले गर्दा पुस्तकालयमा के-कस्ता सामग्रीहरू नयाँ उपलब्ध छन् भन्ने बारेमा जानकारी प्राप्त भई अध्ययनमा सहयोग पुग्न जान्छ ।

६. प्रतिलिपि सेवा उपलब्ध गराएर - कुनै पनि लेख रचना तथा पुस्तक पुस्तकालयमा बसेर पढ्न समय अभावका कारण असम्भव भएमा त्यस्ता सामग्रीहरूलाई फोटोकपी उपलब्ध गराएर पाठकले आफ्नो उपयुक्त समयमा सहज स्थानमा बसेर अध्ययनका लागि पुस्तकालयले सहयोग पुऱ्याउन सक्दछ ।

७. फोटो उपलब्ध गराएर - पुस्तकालयले कुनै पनि महत्वपूर्ण कार्यक्रम तथा ऐतिहासिक महत्वका विषयका बारेमा फोटो संकलन गर्न सक्दछ । उक्त फोटो संकलनबाट पनि पछि गएर त्यस्ता महत्वपूर्ण कार्यहरूका बारेमा अध्ययन अनुसन्धानमा सहयोग पुग्न जान्छ ।

५. **पाठक सचेतना सेवाः** पुस्तकालयले नयाँ सदस्यहरू संसदमा आएको शुरूकै अवस्थामा पुस्तकालयका बारेमा आवश्यक पर्ने जानकारी जस्तैः को-को पुस्तकालयको सदस्य हुन सक्छ, पुस्तकालय कहाँ छ, पुस्तकालयमा के-कस्ता सामग्रीहरू पाइन्छ, पुस्तकालय खुल्ने समय कति हो, एक पटकमा के-कति पुस्तकहरू इस्यू गर्न सकिन्छ, कस्ता पुस्तकहरू घरमा लान पाइँदैन, पुस्तकालय नियम के छ, पुस्तकालयमा रहेको कम्प्यूटर क्याटलग कसरी खोजी गर्ने, घरबाट पुस्तकालयमा रहेको सामग्रीका बारेमा कसरी थाहा पाउने, पुस्तकालयमा के कस्ता e-resources हरू उपलब्ध छन्, ई-लाइब्रेरीमा के-कस्ता सामग्रीहरू राखिएका छन्, त्यस्ता सामग्रीहरू कसरी हेर्ने, आफूसँग सम्बन्धित सामग्रीहरू के-के हुन सक्छन्, कुनै सामग्री पुस्तकालयबाट आफू पुस्तकालयमा नआईकनै कसरी लिन सकिन्छ, आदिका बारेमा Library Orientation Programme चलाएर पुस्तकालयको उपलब्ध सेवा सुविधाका बारेमा बताई सूचना तथा ज्ञान प्राप्तिलाई सहज बनाउन सहयोग पुऱ्याउन सकिन्छ ।

६. **E-resources को उपलब्धताः** सूचना प्रविधिको विकाससँगै पुस्तकालयको क्षेत्रमा पनि यसको प्रयोग तीव्र रूपमा हुँदै आइरहेको सन्दर्भमा विभिन्न देश तथा प्रकाशकहरूले तयार गरेका विभिन्न विषयका ई-बुक्स, ई-जर्नल, डाटावेशहरू, पुस्तकालयले निःशुल्क अथवा शुल्क तिरेर जस्तैः GOALI (Global Online Legal Information), J-STOAR, HINARI, AGORA, ORAE जस्ता ई-रिसोर्सहरू उपलब्ध गराउन सकिन्छ । यस्ता रिसोर्सहरू विकासशील राष्ट्रहरूलाई विकसित राष्ट्रहरूको प्रयासमा विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरू मार्फत निःशुल्क तथा कम शुल्कमा उपलब्ध गराइँदै आएको पाइन्छ । यस्ता उपलब्ध ई-रिसोर्सहरू रजिष्टर गरेर आवश्यक ज्ञान तथा सूचना आर्जनमा

सहयोग गर्न सकिन्छ । यस्ता ई-रिसोर्स तथा डाटाबेसहरूबाट विभिन्न देशमा विभिन्न विषयमा भएका अभ्यासहरू पढ्न पाइन्छ, जसले गर्दा उपयुक्त अभ्यासलाई लिने तथा अव्यवहारिक सावित भएका अभ्यासहरूलाई हटाउन सकिन्छ । यस्ता सूचनाहरूले हाम्रो कानून निर्माणको प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने हुनाले पुस्तकालय मार्फत यस्ता अनलाइन रिसोर्सहरूबाट अध्ययनमा सहयोग प्राप्त गर्न सकिन्छ ।

७. **इमेल तथा वेबसाइट मार्फत सूचनाको उपलब्धताः** पुस्तकालय तथा पुस्तकादि सामग्रीहरूका बारेमा पाठकहरूले आफ्नो जिज्ञासा पुस्तकालयको इमेल मार्फत पठाउने र त्यसलाई शाखाका कर्मचारीहरूले अध्ययन गरी पुस्तकादि सामग्रीहरूबाट वा विभिन्न अनलाइन रिसोर्सेज तथा पुस्तकालयमा रजिष्टर्ड डाटाबेसबाट खोजेर आवश्यक सूचना इमेलमार्फत नै पठाइ पाठकहरूको जिज्ञासालाई छिटो भन्दा छिटो सम्बोधन गर्न सकिन्छ । यसबाट सदस्यहरूको समयको सदुपयोग हुन जान्छ । त्यस्तै गरेर पुस्तकालयले तयार गरेको ई-लाइब्रेरीलाई पुस्तकालयको वेबसाइटमा नै राखेर पाठकहरूलाई चौबीसै घण्टा जुनसुकै स्थानबाट पनि हेर्न मिल्ने हुनाले पाठकहरूको समय, श्रम र लागतलाई घटाई अध्ययन, अनुसन्धानमा सहयोग गर्दछ ।

८. **इन्टरनेट कक्षको व्यवस्थापनः** एक्काईसौं शताब्दी भनेको सूचना प्रविधिको शताब्दी हो । यसको प्रयोग हिजोआज जिवनका हरेक पक्षमा भइरहेको पाइन्छ । तसर्थ पुस्तकालयमा पनि सदस्यहरूका लागि इन्टरनेट कक्षको व्यवस्था गरि अध्ययन अनुसन्धानमा सहयोग पुर्‍याउन सकिन्छ । कम्प्यूटर तथा इन्टरनेटको सहायताले कुनै पनि सूचना तथा ज्ञान संसारको जुनसुकै कुनाबाट पनि तुरून्तै पठाउन र पाउन सकिन्छ । इन्टरनेटको सहायताले आफुले चाहेको विभिन्न पठन सामग्रीहरूमा पहुंच पाउन सकिन्छ । पुस्तकालयमा रहेको अनलाइन क्याटलग सर्च गर्ने देखि लिएर इ लाइब्रेरीमा अपलोड गरिएका सूचना सामग्रीहरू समेत कम्प्यूटरका माध्यमबाट हेर्न सकिन्छ । हाल सूचना सामग्रीहरू धेरेजसो विभिन्न डिभाइसहरूमा संकलन गरेर राखिने हुनाले त्यस्ता सामग्रीहरू पुस्तकालयमा आएर प्रयोग गरि तयार गर्ने, लेख्ने, पठाउने प्रिन्ट गर्ने आदि कार्यहरू गर्न सकिने हुनाले यसबाट सदस्यहरूलाई अत्यन्तै सहयोग पुग्ने देखिन्छ ।

९. **डिजिटाइजेसनः** संसदीय अभ्यासका क्रममा तयार भएका महत्वपूर्ण सामग्रीहरू जस्तैः भर्बेटिम, संसदीय समितिका प्रतिवेदनहरू, विभिन्न सरकारी आयोगका प्रतिवेदन तथा अन्य दस्तावेज संरक्षण तथा सबैको पहुँचमा पुर्‍याउन पुस्तकालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । किनभने पुस्तकालय भनेको यस्ता सामग्रीहरूको संकलन, व्यवस्थापन तथा सम्प्रेषण गर्दै भविष्यका सन्ततीहरूका लागि ज्ञानको संरक्षण गर्ने थलो हो । यस्ता सामग्रीहरू जुनसुकै स्थानबाट उत्पादन भएपनि पुस्तकालयमा संकलन गरिन्छ, जसले गर्दा अध्ययनका लागि धेरै ठाउँमा भौंतारिनु पर्दैन । यसरी एकत्रित गरिएका सामग्रीहरूलाई भविष्यका लागि संरक्षण गर्नु आज मुख्य चुनौतीका रूपमा रहेको छ । सूचना प्रविधिको विकाससँगै यस्ता सामग्रीहरूको संरक्षणमा सहजता आएको छ । यस्ता सामग्रीहरूलाई पुस्तकालयले डिजिटाइज गरी सुरक्षित गर्ने तथा पुस्तकालयको वेबसाइटमा राखेर पाठकहरूलाई छिटो

छरितो र सहजताका साथ हातहातमा सूचना सेवा उपलब्ध गराउन सकिन्छ, जसले गर्दा सदस्यहरूको time, cost, energy बचत हुन गई नीति निर्माणका कार्यहरूमा सहयोग पुग्न जान्छ ।

१०. **मोबाइल लाइब्रेरी सेवाको उपलब्धताः** पुस्तकालयको क्षेत्रमा नेपालमा मोबाइल लाइब्रेरी सेवा नयाँ मानिन्छ । यसका लागि संसद पुस्तकालय संसदीय छलफल हुने स्थानबाट केही टाढा रहेको सन्दर्भमा संसदमा हुने छलफलका विषय क्षेत्रहरूलाई समेटेर पुस्तक तथा अन्य सम्बन्धित सामग्रीहरू संसद चल्ने समयभन्दा अगाडि संसद हल (प्रतिनिधि सभा, राष्ट्रिय सभा) अगाडिको प्रदर्शनी कक्ष वा संसद हलको अगाडि अध्ययन कक्षमा उपलब्ध गराई सदस्यहरूलाई अध्ययनमा सहयोग पुर्‍याउन सकिन्छ, जसले गर्दा सदस्यहरूको पढ्ने बानी बढ्न जाने तथा ज्ञानको दायरा फराकिलो हुन गई यसले असल नीति निर्माणका कार्यहरूमा सहयोग पुग्न जान्छ ।

११. **अन्तरपुस्तकालय सापटी व्यवस्थाः** पुस्तकालयले आफ्नो संकलनमा नभएको तथा सदस्यहरूलाई तुरून्तै आवश्यक परेको पाठ्यसामग्रीहरूलाई आफ्नो सम्पर्कमा रहेका पुस्तकालयबाट केही दिनका लागि अन्तरपुस्तकालय सापटी मार्फत सेवा पुर्‍याई अध्ययन कार्यमा सहयोग पुर्‍याउन सक्छ, जसले गर्दा आफ्नो संकलनमा नभए पनि सेवा प्रवाहमा कमी आउन पाउँदैन ।

१२. **लेक्चर तथा सेमिनार कार्यक्रम आयोजनाः** संसदीय पुस्तकालयले संसदीय अभ्यास सम्बन्धी विभिन्न विषयमा विज्ञहरू बोलाई लेक्चर तथा सेमिनार कार्यक्रम गराई सदस्यहरूको कार्यदक्षता तथा क्षमता अभिवृद्धिमा सहयोग पुर्‍याउन सक्छ ।

### पुस्तकालय सेवा प्रभावकारी हुन नसकेका कारण र समाधानका उपाय

माथि उल्लिखित विभिन्न तरिकाबाट संसदीय अभ्यासमा योगदान गर्न सक्ने तथा संसद र पुस्तकालयको बीचमा नङ र मासुको जस्तै सम्बन्ध भए तापनि पुस्तकालयले प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसक्नुका केही कारणहरू तथा ती कारणहरूलाई निराकरण सम्बन्धी उपायहरू निम्न बमोजिम रहेका छन्:

१. पुस्तकालयका लागि हाल छुट्याइएको स्थान अपर्याप्त छ । पुस्तक थपिँदै जाँदा राख्ने ठाउँको समस्या देखिएकाले यसलाई अझै स्थान बढाउनेतर्फ ध्यान दिन आवश्यक देखिन्छ ।
२. बजेटको अपर्याप्तताले गर्दा पुस्तक संकलन तथा पुस्तकालय व्यवस्थापनमा असर पर्ने हुनाले पर्याप्त बजेटको व्यवस्था गर्ने तथा योजना बनाएर बजेट खर्च गर्नुपर्ने देखिन्छ ।
३. पुस्तकालयमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभावले गर्दा चुस्त रूपमा कार्यसम्पादनमा अवरोध सिर्जना भएकोले पर्याप्त मात्रामा जनशक्तिको व्यवस्था गरिनुपर्दछ ।
४. पुस्तकालय प्रविधिमैत्री हुँदै गइरहेको सन्दर्भमा पुस्तकालयमा कार्यरत कर्मचारीहरूलाई समयानुकूल प्रविधिमा पोख्त बनाउनका लागि बेलाबेलामा तालिमहरू दिलाउनु पर्दछ ।

५. संसदीय अभ्यासमा अनुसन्धानको महत्वपूर्ण भूमिका हुने तथा अनुसन्धानमा पुस्तकालयको अपरिहार्य संलग्नता हुने भएकोले अनुसन्धान टोली बनाई अनुसन्धान कार्यहरूलाई अगाडि बढाउन उपयुक्त देखिन्छ ।

६. पुस्तकालयको अधिकतम उपयोगमा हामी पाठकहरूको पढ्ने बानी तथा नेपालीको पठन संस्कृति पनि बाधक देखिन्छ, जसले गर्दा पुस्तकालय प्रयोगमा कमी देखिन्छ । यसका लागि पुस्तकालय प्रयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, न्यू अराइभल्स तयार गर्ने, पुस्तकालयमा बसेर पढौं-पढौं लाग्ने वातावरण तयार गर्ने, संसद तथा कमिटिका छलफलमा सबै सदस्यहरूले अनिवार्य बोल्नै पर्ने बनाउन सकिने, अध्ययनका लागि आवश्यक सामग्रीहरू इमेल मार्फत पठाउने व्यवस्था गरिनुपर्ने लगायतका विभिन्न प्रभावकारी उपायहरू अवलम्बन गर्न सकिन्छ ।

## निष्कर्ष

माथि उल्लिखित प्रक्रियाबाट बाहेक महत्वपूर्ण सामग्रीहरूको डिजिटाइजेसन गरेर संरक्षण गर्ने तथा मोबाइल लाइब्रेरी सेवा उपलब्ध गराउने, लेक्चर तथा सेमिनार कार्यक्रमहरूको आयोजना गर्ने, आवश्यक सामग्रीहरूको अन्तरपुस्तकालय सापटी व्यवस्थाबाट समेत सामग्रीहरू उपलब्ध गराई संसदीय अभ्यासका कामकारवाहीमा पुस्तकालयले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यति महत्व हुँदाहुँदै पनि विभिन्न समस्याहरूका कारणले गर्दा पुस्तकालयले पुर्‍याउनु पर्ने जति योगदान पुर्‍याउन सकेको छैन । तसर्थ पुस्तकालय सेवालाई प्रभावकारी बनाउनका लागि यसमा भएका समस्याहरूलाई न्यूनीकरण गर्दै अगाडि बढ्नु अत्यन्त आवश्यक देखिन्छ । यस्ता तयारीमा अनुवाद गरेर, बिब्लियोग्राफी तयार गरेर, सारांश सेवा उपलब्ध गराएर, प्रेस क्लिपिङ सेवाबाट, पाठक सचेतना सेवा मार्फत, न्यू अराइभल्स, प्रतिलिपि सेवा तथा फोटो उपलब्ध गराएर पनि पुस्तकालयले सहयोग पुर्‍याउन सक्दछ । उल्लिखित विभिन्न तरिकाबाट संसदीय पुस्तकालयले सदस्यहरूलाई अध्ययन कार्यमा सहयोग पुऱ्याई नीति निर्माणका कार्यहरूलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोगीको भूमिका खेल्दछ ।

## सन्दर्भ सामग्री


१. अधिकारी, इन्द्रप्रसाद, (२०७३), पुस्तकालय तथा स्रोत केन्द्र व्यवस्थापन एवं सञ्चालन, काठमाडौं लिमिसेक ।

२. अधिकारी, इन्द्रप्रसाद, (२०७३), पुस्तकालय तथा सूचना विज्ञानः पारिभाषिक शब्दावली एवं जीवनीकोष, काठमाडौं लिमिसेक ।

३. संसद सचिवालय पुस्तकालय, (२०५१), संसद पुस्तकालय परिचय, काठमाडौं संसद सचिवालय पुस्तकालय ।

४. शर्मा सुवेदी, मधुसुदन, (२०४४), पुस्तकालय विज्ञानको उपादेयता, ललितपुरः सानु मैयां सुवेदी ।

५. Kamala Devi Sharma (2075) Parliament Library of Nepal: Problems/Challenge and Some Suggestions, Kathmandu: Federal Parliament Secretariat.
६. Krishan Kumar. (1987). Reference Service, New Delhi: Vikas Publishing House.
७. Krishan Kumar. (1987). Library Administration and Management, New Delhi: Vikas Publishing House.
८. http://parliamentlibraryindia.nic.in
९. https://www.britannica.com/
१०. https://www.scribd.com
११. https://en.wikipedia.org
१२. https://www.ebsco.com
१३. https://www.ifla.org
१४. https://www.loc.gov
१५. https://www.aph.gov.au
१६. https://www.google.com
१७. https://www.parliament.uk